प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

प.सं. :- ०८१/८२

च.नं. :- १०११

मिति :- वि.सं. २०८१/१२/२१

ने.स. :- ११४५ चौलाथ्व ६ बिहीवार

विषयः आगामी आ.व. २०८२/०८३ मा प्रदेश समपूरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, स्थानीय तहहरु (सबै १३७), कोशी प्रदेश

प्रस्तुत विषयमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम प्रदेश सरकारले स्थानीय तहहरुलाई पूर्वाधार विकाससँग सम्बन्धित आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न समपुरक अनुदान प्रदान गर्न सक्ने प्रावधान रहेको छ। आर्थिक वर्ष २०८२/०८३ का लागि उक्त कार्यविधि बमोजिम प्रदेश सरकार र स्थानीय तह समेतको लागत साझेदारी हुने गरी तपसिलमा उल्लेखित विवरणको अधिनमा रहि २०८२ वैशाख १९ गतेभित्र तोकिएको विद्युतीय प्रणाली p1.csgrants.gov.np मा गई आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्नुहुन सोही कार्यविधिको दफा ४ बमोजिम यस मन्त्रालयको मिति २०८१।१२।२० को माननीय मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ।

थप जानकारीका लागि यस मन्त्रालयको वेवसाईट https://moeap.koshi.gov.np/ मा हेर्न सकिने साथै फोन नं. ०२१-५७११४०, Extension ११५ वा इमेल ठेगाना info.moeap@p1.gov.np वा grants.moeap@koshi.gov.np मा समेत सम्पर्क गर्न सक्नुहुनेछ।

तपसिल

१. स्थानीय तहका लागि लग-ईन गर्ने विवरणहरु (User ID/Password) मन्त्रालयबाट यस अगाडी नै सम्बन्धित स्थानीय तहहरुलाई उपलब्ध गराई सकिएको हुँदा सोही विवरण प्रयोग गर्नुपर्ने छ । कुनै कारणवश Login नभएमा यस मन्त्रालयको ईमेल ठेगाना info.moeap@p1.gov.np वा grants.moeap@koshi.gov.np मा सम्बन्धित स्थानीय तहबाट आधिकारिक पत्रसहित-ईमेल मार्फत Password Reset को लागि अनुरोध गर्न सकिनेछ।

२. समपूरक अनुदान सम्बन्धी आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा तोकिएको विद्युतीय प्रणाली www.p1.csgrants.gov.np मा गई विवरण भरी पेश गर्नुपर्ने छ।

३. स्थानीय तहले समपूरक अनुदान सम्बन्धी प्रस्ताव पेश गर्दा कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिमको क्षेत्र र रकमको सीमा तथा दफा ४ बमोजिमको प्रकृया पुरा गरी पेश गर्नुपर्ने छ।

४. स्थानीय तहले समपूरक अनुदान माग गर्दा कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को अधिनमा रहि माग गर्नुपर्ने साथै सोही कार्यविधि बमोजिम खर्च गर्नु पर्नेछ।

५. आगामी आ.व. २०८२/०८३ को समपूरक अनुदानका लागि प्रस्ताव गर्दा स्थानीयतहले बढीमा २ वटा आयोजना वा कार्यक्रमको मात्र प्रस्तव पेश गर्नु पर्ने छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Durga Dhakal
dhakaldurga449@gmail.com

(दुर्गा ढकाल)

शाखा अधिकृत

शाखा अधिकृत

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश

रोडशेष चौक, विराटनगर